# शैक्षिक सामग्रीको प्रयोगप्रति आधारभूत तहका शिक्षक तथा प्रधानाध्यापकको अवधारणा

# Basic Level Techers' and Headmasters' Perceptions of the Use of Teaching Materials

बद्रिप्रसाद फुएल[१]

[१]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
महेन्द्ररत्न बहुमुखी क्याम्पस
इलाम, नेपाल ।

**Email:**
badri.phuyal@mrmc.tu.edu.np

प्रकाशन : २०७९, मङ्सिर
Published: 2022 December
Doi: https://doi.org/10.3126/bns.v26i1.61464

This is an open access Article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0

© 2022 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://www.cerid.tu.edu.np

**लेखसार**

यस लेखको उद्देश्य आधारभूत तहको सामुदायिक विद्यालयमा शिक्षण गर्ने शिक्षक तथा प्रधानाध्यापकहरूमा शैक्षिक सामग्रीप्रतिको अवधारणा पत्ता लगाउन रहेको छ । यो अध्ययन गुणात्मक ढाँचाबाट सम्पन्न गर्ने क्रममा उत्तरदाताबाट शाब्दिक सूचना सङ्कलन गरिएको छ भने सो सूचनाको विश्लेषण पनि व्याख्यात्मक ढङ्गले नै गरिएको छ । अध्ययनका क्रममा प्राथमिक सूचना अध्ययनकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा उपस्थित भएर नमुना छनोटमा परेका व्यक्तिहरूसँग अन्तर्वार्ता र प्रश्नावलीको उपयोग गरी सङ्कलन गरिएको छ। त्यस्तै अध्ययनसँग सम्बन्धित लिखित रूपमा रहेका प्रकाशित तथा अप्रकाशित सामग्रीहरूबाट द्वितीयक सूचना समेत उपयोग गरिएको छ। प्राथमिक सूचना सङ्कलन गर्न इलाम जिल्लालाई सुविधाका आधारमा छनोट गरी चिट्ठाका माध्यमद्वारा कुल २९४ वटा सामुदायिक विद्यालय मध्येबाट १२० जना शिक्षक र प्रधानाध्यापकलाई समान सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ। अध्ययनको सिलसिलामा आएका सूचनाहरूलाई वर्गीकरण गर्दै विषयगत आधारमा विश्लेषण एवम् छलफल गरिएको छ। छनोटमा परेका सामुदायिक आधारभूत विद्यालयमा शिक्षण गर्ने शिक्षकहरू न्यूनतमभन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गर्नाका साथै तालिमसमेत प्राप्त गरेको अवस्था हुँदाहुँदै शैक्षिक सामग्रीप्रति उनीहरूमा सकारात्मक अवधारणा साथै शिक्षणलाई प्रभावकारी बनाउने जाँगरको कमी देखिन्छ। शिक्षणमा सामग्रीको प्रयोगले समय खेर फाल्नुका साथै यसको प्रयोगबिना पनि प्रभावकारी शिक्षण गर्न सकिने धारणा राख्नु शिक्षक एवम् प्रधानाध्यापकमा नकारात्मक भावना हावी भएको देखिएको हुँदा यसलाई अनुगमन एवम् पुनर्ताजगी तालिमलाई कार्यशालाका रूपबाट सञ्चालन गरेर उनीहरूको सोचमा सकारात्मक भावनामा ल्याउनु आवश्यक देखिन्छ ।

***शब्दकुञ्जी :*** आधारभूत तह, धारणा, शिक्षण अनुभव, शैक्षिक सामग्री, सामुदायिक विद्यालय

**How to cite this article (APA)**

**English :** Fuyal, B.P. (2022). Basic level techers' and headmasters' perceptions of the use of teaching materials, *Bikashko Nimti, Shiksha. 26(*1), 119-130. https://doi.org/10.3126/bns.v26i1.61464

**नेपाली :** फुएल, बद्रिप्रसाद (२०७९), शैक्षिक सामग्रीको प्रयोगप्रति आधारभूत तहका शिक्षक तथा प्रधानाध्यापकको अवधारणा, *विकासको निम्ति शिक्षा, २६*(१), ११९-१३० । https://doi.org/10.3126/bns.v26i1.61464

**Abstract**

The major objective of this study is to explore basic level community school teachers' and headmasters' perceptions of teaching materials. In line with the qualitative design, the information has been collected in the verbal form and analyzed descriptively. In the course of the study, the primary information has been collected from the selected individuals by the researcher himself using the interview and the questionnaire as the research tools. Similarly, other published as well as unpublished resources have been utilized as the secondary source of information. For obtaining the primary information, Ilam district has been selected on the convenience basis, and of the total of 294 basic community schools, 120 teachers have been selected as the respondents randomly. The information collected in the course of the study has been thematized and categorized, and then discussed. The study reveals that the teachers and headmasters selected for the study have only a small degree of positive perception and less spirit for teaching even though they have higher qualifications than are required and are trained. It prevails among them that the use of teaching materials is a waste of time and that effective teaching is possible even without teaching materials, meaning ultimately that they have negative perceptions of teaching materials. Hence, it is necessary to bring about positive perceptions among them by means of monitoring and refreshers in the form of workshops.

***Keywords:*** basic level, perception, teaching experience, teaching material, community school

## परिचय

परम्परागत रूपमा शिक्षण भनेको शिक्षार्थीलाई मानवीय वातावरणमा मात्र समायोजन गर्नु हो भने अहिले आएर शिक्षार्थीलाई जस्तोसुकै सामाजिक वातावरणमा समायोजन हुन सक्ने नागरिक तयारी गर्नुलाई शिक्षण भनिन्छ । शिक्षणलाई प्रेषक तथा प्रापकका रूपमा लिने गरिन्छ । शिक्षकले विषयवस्तुद्वारा ज्ञान र सिप प्रदान गर्दछ भने विद्यार्थीहरूले ग्रहण गर्दछन् (कोइराला, २०६५) । शिक्षणले विद्यार्थीहरूका आवश्यकता पूरा गर्न, विद्यार्थीहरूलाई सिकाइमा संलग्न गराउन, सिकाइमा विद्यार्थीहरूको आत्मविश्वास बढाउन तथा विद्यार्थीहरूलाई आगामी सफलताका लागि तयार पार्ने काम गर्दछ । थर्नडाइक (सन् १९०६) का अनुसार समाजले निर्धारण गरेका महत्त्वपूर्ण लक्ष्यहरू विद्यार्थीको व्यवहारमा मुखरित गर्ने क्रममा उपयोग गरिने क्रियाकलापलाई शिक्षण भनिन्छ । गेज ( सन् १९७८) ले शिक्षणलाई एक व्यक्तिले अर्को व्यक्तिलाई सिकाउन सहज बनाउनका लागि अवलम्बन गर्ने गतिविधिका रूपमा लिएको देखिन्छ ।

शिक्षणका क्रममा गरिने कक्षाकोठा क्रियाकलापलाई उद्देश्यमूलक बनाउन शिक्षकलाई सहयोग गर्ने सामग्रीहरू शैक्षिक सामग्री हुन् । कक्षामा शैक्षिक सामग्रीहरूको उयोग गरेर क्रियाकलाप सञ्चालन गर्दा लक्षित उद्देश्य प्राप्त गर्न सहज हुन्छ । कक्षा शिक्षण पछाडि शिक्षकलाई विद्यार्थीहरूले सहज रूपमा सिकाइ उपलब्धि प्राप्त गरेको अनुभूति हुनाका साथै विद्यार्थीहरूले कक्षामा शिक्षकले

यो सामग्री प्रदर्शन नगरेको भए मैले यति गज्जबले विषयवस्तु ग्रहण गर्न सक्ने थिइन भन्ने अनुभूति गर्नुपर्दछ (फुएल, २०७५) । यसै पृष्ठभूमिमा शैक्षिक सामग्रीको अहम् भूमिका रहेको हुन्छ ।

कक्षाकोठा शिक्षणको परिस्थितिमा शैक्षिक सामग्रीहरू प्रभावकारी रूपमा प्रयोग गर्दा शिक्षण सिकाइ गतिविधिहरू रोचक हुन्छन् । शिक्षण सिकाइमा शिक्षकले आफ्नो क्रियाकलापलाई अझ रोचक बनाउनका लागि शैक्षिक सामग्रीलाई उपयोग गर्नु आवश्यक छ । यसले सिकारुहरूलाई सिकाइमा अभिप्रेरित गर्न मद्दत गर्दछ । शैक्षिक सामग्रीले विद्यार्थीहरूको ध्यान विषयवस्तुमा अभिप्रेरित गर्न, सृजनात्मक सोचलाई प्रोत्साहन गर्नाका साथै बुझाइलाई सहज बनाउँछ (बेहम र लोयड, सन् २००९) । नेपालका परिप्रेक्ष्यमा कक्षा शिक्षण गर्न उपयुक्त शिक्षण सामग्रीहरू उपलब्ध हुन नसक्नु तथा उपलब्ध सामग्रीहरूको उपयोगमा केही समस्या भएका कारण शिक्षकहरू यसको प्रयोग गरी शिक्षण गर्न हिचकिचाउने प्रवृत्ति रहेको हुँदा यसको आशातीत प्रयोग हुन नसकेको देखिन्छ (अधिकारी, सन् २००९) ।

शैक्षिक सामाग्रीलाई शैक्षिक लगानीका रूपमा लिइन्छ । पाठ्यक्रमको सफल कार्यान्वयन गर्न यसको ठिकसँग प्रयोग गर्न आवश्यक हुन्छ । आधारभूत तहमा पाठ्यपुस्तक, दृश्य र श्रव्यदृश्य सामग्रीहरू ग्लोब, चार्ट, स्लाइड, नक्सा आदि सामग्रीहरू शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न अति आवश्यक हुन्छन् । शिक्षकले कक्षाकोठामा शैक्षिक सामग्रीको प्रयोग गर्नाको उद्देश्य विषयवस्तुको शिक्षणलाई बढीभन्दा बढी व्यावहारिक बनाउँदै यसमा रहेका अस्पष्टतालाई कम गर्नु हो । त्यसैले यस्ता सामग्रीको उपयोगले सिकारुमा ज्ञान, सिप, मनोवृत्ति र मूल्यहरू प्राप्त गर्ने कुरामा सहज बनाउँछ (एसु र इन्याङ अबिया, सन् २००४) ।

शिक्षणसिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको उपयोग एउटा मुद्दा मात्र नभएर यो एउटा समस्या पनि हो । शिक्षकद्वारा छनोट भएका सामग्री विषयवस्तुका आधारमा उपयुक्त भएनन् भने तिनको उपयोगिता निरर्थकमात्र नभई प्रत्युत्पादक हुने गर्छ । विद्यालयहरूमा शिक्षकहरूले शैक्षिक सामग्रीको अभावमा भनेर/बोलेर अथवा लेखेर सिकाउने गर्दछन् भने विद्यार्थीहरू देखेर, छोएर, चलाएर तथा सुँघेर विषयवस्तु सहज रूपमा प्राप्त गर्ने अवसरबाट वन्चित हुन्छन् । डाइक (सन् १९८९) का अनुसार शिक्षण सामग्रीले शिक्षणलाई सहज बनाउँछ । यसको अभावमा शिक्षार्थीहरूले विषयवस्तु राम्रोसँग ग्रहण गर्न सक्दैनन् । एसियेट (सन् १९९६) का विचारमा प्रभावकारी शिक्षण सिकाइका लागि पाठ्यक्रम, शिक्षक, विद्यार्थी र शैक्षिक सामग्रीजस्ता चार तत्त्वहरू आवश्यक हुन्छ । मोरोनकोला (सन् १९९९) र आउसवेन्ड (सन् २००६) का अनुसार शिक्षणमा उपलब्ध सामग्रीहरूले विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा राम्रो प्रभाव पार्दछ । लुसिन (सन २०१३) का अनुसार विद्यार्थीहरूले उनीहरूको सिकाइमा सक्रिय रूपमा संलग्न हुनाका साथै सिकेका विषयवस्तुको अवधारणालाई स्थायी एवम् दिगो बनाइराख्न सामग्रीहरूको प्रयोग अनिवार्य हुन्छ । एबोलड्रहिम र अल रबानी (सन् २००५), उडोसेन (सन् २०११) र इब बेसी (सन् २०१२) को अध्ययन अनुसार सामग्रीको सुविधाको कमीले अध्ययनमा पाठ्यक्रमका उपलब्धिहरूको वृद्धि गर्न र शैक्षिक गुणस्तरको ग्यारेन्टी गर्न सक्दैन । त्यसैले आधारभूत तहको शिक्षण र सिकाइ प्रक्रियामा प्रविधिको संयोजनलाई सुनिश्चित गर्दछ । यस्ता प्रविधिहरूको प्रयोगले गर्दा सिकारुका नयाँ क्षितिजहरू खोल्ने काम गर्दछ । प्रविधिको प्रयोगले शिक्षण सामग्रीको आपूर्तिको सहजतामा रहेका केही चुनौतीलाई पनि कम गर्न सक्दछ । युनेस्को (सन् २००४) का अनुसार इलेक्ट्रोनिक सञ्चारको प्रयोग र द्रुत प्रसारले विश्वव्यापी

आधारभूत शिक्षाको गुणस्तर र दक्षतालाई असर गर्ने क्षमता राखेको हुन्छ । शिक्षक र विद्यार्थीहरूले लगभग कुनै पनि विषयमा इन्टरनेटमा जानकारी सङ्कलन गर्न सक्ने सहजताले शिक्षण सामग्री र शैक्षिक अभ्यासलाई रूपान्तरण गर्ने क्षमताको विकास गर्दछ । इर्टमर र अन्य (सन् २०१२) का अनुसार शिक्षण सामग्रीको प्रयोगको सन्दर्भमा शिक्षकमा भएको यस प्रतिको नकारात्मक धारणा नै प्रमुख समस्या हो । यसर्थ शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको उपयोगले शिक्षाका लक्ष्य एवम् उद्देश्यमा पुग्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।

शैक्षिक क्रियाकलापलाई उद्देश्योन्मुख फलदायी एवम् सफल बनाउनका लागि शैक्षिक सामग्रीको उपयोग गरिन्छ (श्रेष्ठ र उप्रेती, २०७७) । विद्यार्थीहरूलाई जीबनोपयोगी शिक्षा प्राप्त गर्न प्रवचनका माध्यमद्वारा सिकाउने प्रचलनबाट असम्भव छ । विद्यार्थीहरूलाई गरेर सिक्ने अवसर प्रदन गर्न शिक्षण सिकाइ क्रियाकलापमा शैक्षिक सामग्रीको उपयोग अति आवश्यक हुन्छ । कोबुन (१९६१) ले गरेको अध्ययनमा विद्यार्थीले गरेर सिक्ने अवसर पाएको खण्डमा ९० प्रतिशत र सुनेर मात्र सिक्ने अवसर दिँदा २० प्रतिशत सिकाइ हुने उल्लेख गरेका छन् । यसबाट शिक्षण क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य देखिन्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा शैक्षिक सामग्रीलाई औपचारिकताका लागि मात्र नभएर सही हिसाबले प्रयोग गरियो भने लक्षित उपलब्धि प्राप्त गर्न सहज हुन्छ ।

यस अध्ययनमा जिन पियाजेको बौद्धिक विकासको सिद्धान्त (पियाजे, सन् १९७१) लाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ, जसअनुसार शिक्षार्थीहरूको बौद्धिक विकासका चार चरणहरूका आधारमा (इन्द्रिय चाल, पूर्वक्रियात्मक, मूर्तक्रियात्मक र औपचारिक अवस्थाहरू) चरणबद्ध रूपमा हुन्छ । बच्चाले हरेक चरणमा देखाउने व्यवहार एवम् स्वभावसँग मिल्दो शिक्षण विधि तथा विषयवस्तु छनोट गरेर शिक्षण क्रियाकलापलाई व्यवस्थापन गर्न सकियो भने शिक्षण उपलब्धिमूलक हुन्छ । उनका अनुसार ठोस क्रियात्मक अवस्थाका बच्चाहरू अमूर्त अवधारणा बुझ्नका लागि मानसिक रूपमा परिपक्व हुँदैनन् । उनीहरूलाई अमूर्त अवधारणाहरू ग्रहण गर्नका लागि ठोस (शैक्षिक) सामग्रीको उपयोग जरुरी हुन्छ भने औपचारिक अवस्थामा भने नयाँ अवधारणको शिक्षण गर्न बाहेक ठोस सामग्रीको आवश्यकता कम हुन्छ ।

शिक्षणसिकाइ क्रियाकलापलाई बढीभन्दा बढी उपलब्धिमूलक एवम् अर्थपूर्ण बनाउनु पर्दछ भन्ने मान्यता रहेको पाइन्छ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण क्रियाकलापमा विद्यार्थीलाई अभिप्रेरित गर्दै शिक्षण रोचक बनाउने, सिर्जनात्मक सोचको विकास गराउने, उपलब्धिलाई राम्रो बनाउनाका साथै विषयवस्तुको बुझाइलाई सहज एवम् गहिरो बनाउने जस्ता कार्य गर्दछ । यसर्थ शिक्षणमा यसको प्रयोग महत्त्वपूर्ण हुन्छ । शिक्षा मन्त्रालयले शिक्षकहरूका लागि शिक्षणसिकाइ क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने उद्देश्यले दिइएका तालिममा शैक्षिक सामग्रीहरूको निर्माण एवम् प्रयोगलाई पनि महत्त्वपूर्ण अङ्गका रूपमा समावेश गरेको पाइन्छ । शिक्षकहरूले विद्यालय शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग नगरी शिक्षण गरिरहेको भन्ने गुनासो पनि सुनिने गरेको छ । शिक्षकहरूमा शैक्षिक सामग्रीप्रतिको बुझाइ स्पष्ट भएन भने शिक्षणमा यसको प्रयोग असम्भव नै हुन्छ । इलाम जिल्लाका आधारभूत तहका शिक्षकहरूमा शैक्षिक सामग्रीको प्रयोगको अवधारणा सम्बन्धी अध्ययन नभएको हुँदा शिक्षकहरूमा यसप्रतिको अवधारणा कस्तो रहेको छ भन्ने जिज्ञासा समाधान गर्ने उद्देश्यमा प्रस्तुत लेख केन्द्रित रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक ढाँचाबाट सम्पन्न गरिएको छ। अध्ययनका क्रममा उत्तरदाताबाट शाब्दिक सूचना सङ्कलन गरिएको छ भने सो सूचनाको विश्लेषण पनि व्याख्यात्मक ढङ्गले गरिएको छ। अध्ययनमा प्रयुक्त प्राथमिक सूचना अध्ययनकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा उपस्थित भएर नमुना छनोटमा परेका व्याक्तिहरूसँग अन्तर्वार्ता र प्रश्नावलीको उपयोग गरी सङ्कलन गरिएको छ। यस क्रममा खुला प्रश्नहरूको प्रयोग गरी अन्तर्वार्ताको माध्यमबाट सघन सूचना सङ्कलन गरिएको छ भने सहमत र असहमत अङ्कित प्रश्नावलीको प्रयोग गरी सामान्य अभिमत सर्वेक्षण गरिएको छ। त्यस्तै अध्ययनसँग सम्बन्धित लिखित रूपमा रहेका प्रकाशित तथा अप्रकाशित सामग्रीहरूबाट द्वितीयक सूचनासमेत उपयोग गरिएको छ। प्राथमिक सूचना सङ्कलन गर्न इलाम जिल्लालाई सुविधाका आधारमा छनोट गरिएको छ। इलाम जिल्लामा रहेका आधारभूत तह सञ्चालन भइरहेका २९४ वटा सामुदायिक विद्यालय (शिक्षा विकास तथा समन्वय इकाइ इलाम, २०७८) लाई जनसङ्ख्याका रूपमा लिइएको छ भने यस जिल्लाका १० वटै पालिकालाई जनसङ्ख्या मानी तिनलाई १० वटा अलग समूहको रूपमा विभाजन गरी प्रत्येकबाट तीन तीन वटाका दरले जम्मा ३० वटा विद्यालय चिट्ठाका माध्यमद्वारा समान सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ। छनोटमा परेका ३० वटा विद्यालयहरूबाट (पूर्वसर्वेक्षणको जानकारी अनुसार) न्यूनतमभन्दा माथिल्ला योग्यता हासिल गरी १० वर्षभन्दा बढी शिक्षण अनुभव रहेका शिक्षकहरूमध्ये हरेक विद्यालयबाट कम्तीमा एक जना (प्रतिस्थापनका साथ नमुना चयनबाट) पर्ने गरी तीन तीनजनाका दरले जम्मा ९० जना शिक्षक समान सम्भावनाका आधारमा छनोट गरिएको छ भने सुविधाका आधारमा ३० जना सोही विद्यालयका प्रधानाध्यापकलाई नमुना छनोट गरिएको छ। यस अध्ययनमा शिक्षक र प्रधानाध्यापक गरी जम्मा १२० जना नमुनामा परेका छन्। अध्ययनको सिलसिलामा विभिन्न स्रोतबाट आएका सूचनाहरूलाई वर्गीकरण गर्दै अनुसन्धान प्रश्नहरूलाई अलग अलग विषय शीर्षक अन्तर्गत विश्लेषण एवम् छलफल गरिएको छ।

## नतिजा

छनोटमा परेका शिक्षकहरूको शैक्षिक सामग्री एवम् प्रयोगप्रतिको अवधारणागत सूचनालाई यस खण्डमा उल्लेख गरिएको छ।

### शैक्षिक सामग्रीका सम्बन्धमा शिक्षकहरूको अवधारणा

यस अध्ययनमा नमुनामा समावेस भएका सामुदायिक आधारभूत विद्यालयमा शिक्षकहरूसँग छलफल तथा प्रश्नावलीबाट शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगका सम्बन्धमा उनीहरूले दिएको प्रतिक्रियालाई तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १**

शैक्षिक सामग्रीका सम्बन्धमा शिक्षकहरूको धारणा

| सूचक | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|
| | सहमत | असहमत | सहमत | असहमत |
| शिक्षणमा शैक्षिक सामग्रीको उपलब्धता कम छ । | ९० | ० | १०० | ० |
| यो शिक्षकलाई अनावश्यक बोझ हो । | ७५ | १५ | ८३ | १७ |
| शैक्षिक सामग्रीको उपयोग तपाईं कक्षामा सधैं गर्नुहुन्छ । | १५ | ७५ | १७ | ८३ |
| यसले शिक्षकमा कर्तव्यनिष्ठ एवम् समयनिष्ठ बनाउँछ । | ४५ | ४५ | ५० | ५० |
| शैक्षिक सामग्रीको अभावमा विषयवस्तु राम्रोसँग आत्मसात् हुँदैन । | ३६ | ५४ | ४० | ६० |
| शिक्षणमा शैक्षिक सामग्रीहरूको प्रयोगले उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ । | ४५ | ४५ | ५० | ५० |
| यसले शैक्षिक उपलब्धिको सुधारमा सहयोग गर्दछ । | ४५ | ४५ | ५० | ५० |
| यसले शिक्षक र विद्यार्थीबिच सम्बन्ध राम्रो बनाउँछ । | ३० | ६० | ३३ | ६७ |
| शैक्षिक सामग्री पाठसँग सम्बन्धित भए मात्र शिक्षण उपलब्धिमूलक हुन्छ । | ९० | ० | १०० | ० |
| यसले शिक्षक तथा विद्यार्थीहरूको समय खेर फाल्ने काम गर्दछ । | १५ | ७५ | १७ | ८३ |
| सामग्रीको उपयोगबिना पनि प्रभावकारी शिक्षण गर्न सकिन्छ । | ४५ | ४५ | ५० | ५० |
| यसले पेसागत विकासलाई प्रबर्धन गर्दछ । | ४५ | ४५ | ५० | ५० |
| शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग औपचारिकतामात्र हो । | ६६ | २४ | ७३ | २७ |
| शिक्षणमा कहिलेकाहीँ सामग्रीको उपयोग गर्न गाह्रो हुन्छ । | ९० | ० | १०० | ० |
| विद्यार्थीलाई अभिप्रेरित गर्न शैक्षिक सामग्रीले सहयोग गर्दछ । | ६० | ३० | ६७ | ३३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अनावश्यक बोझ हो भन्ने सूचकमा ८३ प्रतिशत शिक्षकले समर्थन गरेको पाइन्छ । यसको प्रयोग नगर्दा विद्यार्थीले विषयवस्तु राम्रोसँग आत्मसात् गर्न सक्दैनन् भन्ने सूचकमा ६० प्रतिशत शिक्षकले असहमति जनाएको देखिन्छ । त्यस्तै ५० प्रतिशत शिक्षकले मात्र शैक्षिक सामग्रीको प्रयोगले शैक्षिक उपलब्धिमा सुधार गर्न सकिने धारणा राखेका छन् । एक जना ५ वर्ष शिक्षण अनुभव भएका तालिम प्राप्त शिक्षकको भनाइ यस्तो छ ।

> म व्यस्त भएका कारण शैक्षिक सामग्रीहरूको निर्माण तथा सङ्कलन गर्ने कुरामा समय नै हुँदैन । यसैले यो काम गर्न सकिँदैन । व्यस्त भएको समयमा शैक्षिक सामग्रीहरूको निर्माण एवम् सङ्कलन गर्न थाल्यो भने राम्रो पढाउने भन्दा ध्यान सामग्रीका बारेमा केन्द्रित हुन्छ । परिणाम स्वरूप गुणस्तर माथि उकास्न सकिँदैन ।

यस भनाइबाट शिक्षकहरूमा गुणस्तरीय शिक्षण र शैक्षिक सामग्रीको सङ्कलन गर्ने काम अलग अलग रूपमा बुझेको देखिन्छ । प्रभावकारी शिक्षणमा शैक्षिक सामग्रीको महत्त्वलाई बुझेरै पनि निजी व्यस्ततालाई बढी प्राथमिकता दिएको समेत देखिन्छ । त्यस्तै शैक्षिक सामग्रीको प्रयोग गर्दा १७ प्रतिशत शिक्षकले समय खेर जान्छ, ५० प्रतिशतले सामग्रीको प्रयोगबिना नै शिक्षण प्रभावकारी गर्न सकिन्छ र ७३ प्रतिशतले शैक्षिक सामग्रीको प्रयोग औपचारिकतामात्र हो भन्ने सूचकहरूमा समर्थन जनाएको देखिन्छ । यस प्रसङ्गमा एक जना २१ वर्ष शिक्षण अनुभव भएका शिक्षकको भनाइ यस्तो छ :

खै यो शिक्षण गर्ने कुरा पनि अहिले आएर के के गर्नु भन्छन् के के गर्नु भन्छन् । कसैले विद्यार्थीलाई सजाय दिनु हुँदैन भन्छन् त कसैले विद्यार्थीलाई खेलाउँदै पढाउनुपर्छ भन्छन् । त्यस्तै कसैले फिलिम देखाउँदै पढाउनु भन्छन् भने कसैले के के चिजबिज (शैक्षिक सामग्री) देखाउँदै पढाउनू भन्छन् । यसरी पढाउँदा विद्यार्थीको ध्यान चाहिँ विषयवस्तुमा भन्दा देखाएको चिजमा जाने हुँदा बुझाउन गाह्रो हुन्छ ।

यस भनाइबाट शैक्षिक क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग गर्ने सम्बन्धमा शिक्षक स्वयम्मा सकारात्मक एवम् स्पष्ट धारणा देखिँदैन ।

## सामुदायिक प्राथमिक विद्यालयमा अध्यापन गर्ने प्रधानाध्यापकहरूको शैक्षिक सामग्रीप्रतिको अवधारणा

यस अध्ययनमा नमुनामा परेका सामुदायिक आधारभूत विद्यालयमा अध्यापन गर्ने प्रधानाध्यापकहरूसँग प्रश्नावलीका आधारमा उनीहरूले दिएको प्रतिक्रियालाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका : २**

शिक्षण अभ्यासका सम्बन्धमा विद्यालयका प्रधानाध्यापकहरूको दृष्टिकोण

| सूचक | जम्मा | | प्रतिशत | |
|---|---|---|---|---|
| | सहमत | असहमत | सहमत | असहमत |
| विद्यालयमा शैक्षिक सामग्री भण्डारण गर्ने छुट्टै कोठा आवश्यक हुन्छ । | २५ | ५ | ८३ | १७ |
| शिक्षणमा शैक्षिक सामग्रीको उपलब्धता कम छ । | ३० | ० | १०० | ० |
| यो शिक्षकलाई अनावश्यक बोझ हो । | १५ | १५ | ५० | ५० |
| शैक्षिक सामग्रीको उपयोग तपाईं र तपाईंका शिक्षकले कक्षामा सधैं गर्नुहुन्छ । | ५ | २५ | १७ | ८३ |
| शैक्षिक सामग्रीको प्रयोगले शिक्षकमा कर्तव्यनिष्ठ एवम् समयनिष्ठ वनाउँछ । | २५ | ५ | ८३ | १७ |
| शैक्षिक सामग्रीहरूको अभावमा विषयवस्तु राम्रोसँग आत्मसात् हुँदैन । | २० | १० | ६७ | ३३ |
| शिक्षणमा शैक्षिक सामग्रीहरूको प्रयोगले उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ । | २० | १० | ६७ | ३३ |
| शैक्षिक सामग्रीले शैक्षिक उपलब्धिको सुधारमा सहयोग गर्दछ । | १८ | १२ | ६० | ४० |
| शैक्षिक सामग्रीले शिक्षक र विद्यार्थीबिच सम्बन्ध राम्रो बनाउँछ । | २० | १० | ६७ | ३३ |
| शैक्षिक सामग्री पाठसँग सन्वन्धित भए मात्र शिक्षण उपलब्धिमूलक हुन्छ । | ३० | ० | १०० | ० |
| यसले शिक्षक तथा विद्यार्थीहरूको समय खेर फाल्ने काम गर्दछ । | ५ | २५ | १७ | ८३ |
| सामग्रीको उपयोग बिना पनि प्रभावकारी शिक्षण गर्न सकिन्छ । | १५ | १५ | ५० | ५० |
| यसले पेसागत विकासलाई प्रवर्धन गर्दछ । | ८ | २२ | २७ | ७३ |
| शिक्षणमा शैक्षिक सामग्रीहरूको प्रयोग औपचारिकतामात्र हो । | २२ | ८ | ७३ | २७ |
| शिक्षणमा कहिलेकाहीँ सामग्रीहरूको उपयोग गर्न गाह्रो हुन्छ । | ३० | ० | १०० | ० |
| विद्यार्थीलाई अभिप्रेरित गर्न शैक्षिक सामग्रीले सहयोग गर्दछ । | २५ | ५ | ८३ | १७ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८ ।

उपर्युक्त तालिकामा नमुना छनोटमा परेका इलाम जिल्लाका आधारभूत तहका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको विभिन्न सूचकका आधारमा शिक्षण क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोगका सम्बन्धमा बुझाइ नापिएको छ । यहाँ शैक्षिक सामग्रीको प्रयोग शिक्षकका लागि अनावश्यक बोझ हो भन्ने सूचकमा ५० प्रतिशत प्रधानाध्यापकले समर्थन जनाएका छन् भने ५० प्रतिशतले मात्र असहमति जनाएका छन् । नमुना छनोटमा परेका १५ वर्षको शिक्षण अनुभव भई तालिम नलिएका एक प्रधानाध्यापकको भनाइ यस्तो रह्यो :

> विद्यालयमा शिक्षक नियुक्ति गर्ने स्रोत छैन । सरकारले आवश्यक सङ्ख्यामा शिक्षक उपलब्ध गराउँदैन । यसैले एउटा शिक्षकले स्कूल सुरु भएदेखि छुट्टी नहुन्जेलसम्म खुरु खुरु पढाउनुपर्छ । अब शिक्षकलाई शैक्षिक सामग्रीको निर्माण एवम् सङ्कलन गरेर पढाउनुहोस् भन्दा सम्भव हुँदैन ।

यस भनाइबाट समय अभाव र कार्यबोझका कारणले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग नभएको देखिन्छ । सामग्रीको अभावमा विद्यार्थीहरूले विषयवस्तु राम्रोसँग आत्मसात गर्न सक्दैनन् भन्ने सूचकमा १० प्रतिशत प्रधानाध्यापकहरूले असहमति जनाएका छन् । शैक्षिक सामाग्रीको प्रयोगले शैक्षिक उपलब्धि सुधार गर्न सहयोग गर्छ र समय खेर फाल्ने काम गर्छ भन्ने सूचकमा क्रमश: ३३ प्रतिशत असहमत र १७ प्रतिशत प्रधानाध्यनपकले सहमति जनाएको देखिन्छ । साथै यसको प्रयोगबिना पनि प्रभावकारी शिक्षण गर्न सकिन्छ भन्ने सूचकमा ५० प्रतिशत सहमत भएका छन् भने यसको प्रयोग औपचारिक मात्र हो भन्ने सूचकमा सहमत हुने प्रधानाध्यापक २७ प्रतिशत रहेका छन् । यसै सन्दर्भमा तालिम प्राप्त गरी १२ वर्षको शिक्षण अनुभव भएका एक जना प्रधानाध्यापकको धारणा यस्तो रह्यो ।

मलाई पहिले सरहरूले सामग्रीको उपयोगबिना नै पढाउँदा म यतिको भएँ । त्यसैले शिक्षणमा यसको उपयोग आवश्यक देख्दिनँ । यसको ठाउमा शिक्षकले विद्यार्थीहरूलाई अनुशासनमा राख्दै ध्यान दिएर पढाउँदा शैक्षिक गुणस्तर राम्रो बनाउन सकिन्छ । बरु थप सुविधा दिए शिक्षकलाई राम्ररी काम लगाउन सकिन्छ ।

प्रधानाध्यापकको यो विचारबाट शिक्षकले शिक्षणमा सामग्रीको प्रयोग गरी प्रभावकारी ढङ्गले शिक्षण गर्नुभन्दा सुविधामा जोड दिएको देखिन्छ ।

त्यस्तै विद्यालयमा शैक्षिक सामग्री भण्डारण गर्ने छुट्टै कोठा आवश्यक हुन्छ भन्ने सूचकमा ८३ प्रतिशत प्रधानाध्यापकहरूले सहमति जनाएका छन् भने १७ प्रतिशतले असहमति जनाएका छन् । यस सम्बन्धमा एक जना प्रधानाध्यापक यसो भन्छन् : "विद्यालयहरूमा कक्षाकोठा तथा शैक्षिक सामग्रीहरूको भण्डारण गर्ने स्थान समेतको अभाव रहेको छ सरकारले स्कुललाई उपेक्षा गर्छ चाहिने पैसा दिँदैन ।" यस भनाइबाट भण्डारण गर्ने स्थान उपलब्ध भए शैक्षिक सामग्रीको निर्माण एवम् सङ्कलन गरेर शिक्षण हुने अवस्थाको बोध हुन्छ । यी सूचनाले प्रधानाध्यापक नै शिक्षणमा शैक्षिक सामग्री प्रयोग गर्नुपर्ने कुरामा प्रस्ट नभएको देखिन्छ ।

पियाजेको (सन् १९७१) बौद्धिक विकासको सिद्धान्तअनुसार मूर्तक्रियात्मक अवस्था सम्मका बच्चाहरू नै सामुदायिक आधारभूत विद्यालय तहमा अध्ययन गर्ने उमेर समूहका हुने देखिन्छ । यस अवस्थाका बच्चाहरूमा कुनै पनि काम आफैं गर्ने अथवा गरेर सिक्ने स्वभाव देखिने हुँदा यी

बच्चाहरूलाई शिक्षण क्रियाकलाप सञ्चालन गर्दा शैक्षिक सामग्री अनिवार्य मानिन्छ। यस अध्ययनमा उत्तरदाताहरूले शैक्षिक सामग्रीको प्रयोग गर्दा समय खेर फाल्नुका साथै यसको अभावमा पनि प्रभावकारी रूपमा शिक्षण गर्न सकिने धारणा राख्नु उक्त सिद्धान्तसँग मेल खाएको देखिएन। छनोटमा परेका सामुदायिक आधारभूत विद्यालयका सबै शिक्षकले शिक्षण गर्दा सो सिद्धान्तको मर्मबाट निकै टाढा रहेको पाइयो।

## छलफल

यस अध्ययनमा छलफल तथा प्रश्नावलीको माध्यमबाट प्राप्त सूचनाका आधारमा सामुदायिक प्राथमिक विद्यालयमा शिक्षकहरूले शिक्षण सामग्रीको प्रयोग गर्ने कुरामा देखिएका समस्याहरू र ती समस्या समाधानका विषयहरू यस खण्डमा छलफल गरिएको छ।

थोनर्डाइक (सन् १९०६) र कोइराला (२०६५) का अनुसार कक्षामा शैक्षिक सामग्रीहरूको प्रयोग गर्दा विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा अभिप्रेरित गर्नुका साथै पाठलाई अझ राम्रोसँग बुझ्न मद्दत गर्दै सिकेका विषयवस्तु विद्यार्थीहरूको वास्तविक जीवनसँग सम्बन्ध स्थापित गर्न सक्ने कुरा उल्लेख गरेका छन्। विद्यालयमा शैक्षिक एवम् प्रशासनिक कामको नेतृत्व प्रधानाध्यापकहरूले गर्दछन्। विद्यालयमा न्यूनतमभन्दा माथिल्ला योग्यताका साथै तालिमसमेत पाएका ५० प्रतिशत प्रधानाध्यापक तथा शिक्षकहरू शैक्षिक सामग्रीको प्रयोग गर्नु अनावश्यक बोझ ठान्छन्। शैक्षिक समाग्रीको प्रयोगबिना पनि प्रभावकारी शिक्षण गर्न सकिन्छ भन्ने जस्ता सूचकहरूमा सहमति जनाउँछन्। कोबुन (१९६१) ले गरेको अध्ययनमा विद्यार्थीले गरेर सिक्ने अवसर पाएको खण्डमा ९० प्रतिशत र सुनेर मात्र सिक्ने अवसर दिदा २० प्रतिशत सिकाइ हुने उल्लेख गरेका छन्। यसबाट शिक्षण क्रियाकलापमा शैक्षिक सामग्रीको प्रयोग अनिवार्य देखिन्छ। यी तथ्यबाट केही प्रधानाध्यापक आफैँ शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण गर्नु भनेको वैज्ञानिक आधार हो भन्ने विषयमा प्रस्ट देखिँदैनन्। शैक्षिक सामग्रीको शिक्षणमा प्रयोग गर्ने सम्बन्धमा प्रधानाध्यापक कार्यबोझका कारण समय अभाव हुनाका साथै भएका सामग्रीहरूलाई भण्डारण गर्ने स्थानसमेतको अभाव बताउँछन्। अतः यो समस्याको सहजताका लागि प्रधानाध्यापक तथा शिक्षकलाई शिक्षणको वैज्ञानिक आधारका सम्बन्धमा कार्यशाला नै सञ्चालन गरेर आफ्नो जिम्मेवारी एवम् कर्तव्यका सम्बन्धमा सकारात्मक भावना जागृत हुने अवस्थाको सृजना गर्नुपर्ने देखिन्छ।

शिक्षा मन्त्रालय (२०७३) का अनुसार अधिकांश आधारभूत तहका सामुदायिक विद्यालयहरूमा कक्षाको सङ्ख्या धेरै तथा शिक्षकहरूको सङ्ख्या थोरै रहेको छ। यस्तो अवस्थामा शिक्षकले बहुकक्षा बहुस्तर शिक्षण गर्नु प्रभावकारी मानिन्छ। शिक्षणमा शिक्षकहरू कार्यबोझका कारण व्यस्त हुने भएकाले पनि शैक्षिक सामग्रीहरूको निर्माण, सङ्कलन तथा प्रयोग गर्ने कुरामा समय अभावको समस्या देखिएको छ। साथै शिक्षकहरूसँग पाठका लागि उपयुक्त उपकरण र शिक्षण सामग्रीको निर्माण र छनोट गर्ने सिपमा समेत कमी देखिन्छ। यसको समाधान गर्न सरकारले शैक्षिक समाग्रीहरूको निर्माण तथा प्रयोग गर्ने शिक्षकहरूलाई प्रोत्साहन गर्ने नीति अपनाउँदै वर्ग शिक्षणसम्म गर्न सक्ने अवस्थाको सृजना गर्नु पर्दछ। शिक्षकहरूबाट आएको यो समस्या समाधानका लागि विद्यालयमा माथिको मुख ताक्ने प्रवृत्ति अर्को समस्या हो। त्यसैले विद्यालय तथा सरकारहरूले शैक्षिक सामग्री एवम् उपकरणहरूको सङ्कलन तथा भण्डारणका लागि आवश्यक योजनाका साथ

बजेटको व्यवस्था गर्नाका साथै विद्यालयहरूले स्थानीय तहमा खेर गएका वस्तुहरूबाट शैक्षिक सामग्रीहरूको सङ्कलन एवम् निर्माण गर्ने कामको अभियान नै सञ्चालन गर्नुपर्दछ ।

ग्रामीण क्षेत्रका अधिकांश आधारभूत तहका सामुदायिक विद्यालयहरूले सूचना तथा सञ्चार प्रविधि (आइसिटी) को सहज पहुँच नहुनाका साथै शिक्षण सामग्रीको समेत अभाव भेलिरहेका छन् (धिताल, सन् २०१८) । आजको २१ औं शताब्दीमा हाम्रा विद्यालयहरूमा शिक्षण र सिकाइ प्रक्रियाहरूमा आधुनिक एवम् वैज्ञानिक दृष्टिकोणको प्रयोग गर्न आवश्यक छ । सूचना तथा सञ्चार प्रविधि एवम् शैक्षिक सामग्रीले विद्यार्थीहरूलाई विषयवस्तु थप रोचक बनाउनाका साथै विषयवस्तुको उपलब्धि राम्रो बनाउने हुँदा शिक्षकमा यसको उत्पादन, निर्माण, छनोट गर्ने क्षमता तथा शिक्षण उपकरणको प्रयोग गर्ने ज्ञान र सिप हुनु आवश्यक हुन्छ (विद्यालय क्षेत्र विकास योजना, सन् २०१६-२०२३) । अध्यापनलाई थप प्रभावकारी बनाउन शिक्षकहरूलाई शिक्षण यन्त्र र सामग्रीको प्रयोगलाई कार्यशालाका रूपमा तालिम आवश्यक देखिन्छ । सरकारले शिक्षकहरूलाई तालिम दिइराखेको भए पनि तालिमबाट सिकेका ज्ञान र सिपलाई कार्यान्वयन गर्ने पक्षमा हाम्रा शिक्षकहरूको कमजोरी देखिएको छ । यसका लागि तालीमलाई कार्यशालाका रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै तालीममा सिकेका ज्ञान र सिपहरूलाई व्यवहारमा कार्यान्वयन सुनिश्चित गर्न केन्द्र एवम् स्थानीय सरकारले भरपर्दो अनुगमन गरी सो का आधारमा शिक्षकहरूलाई वृत्तिविकास लगायत पुरस्कृत गर्ने प्रावधान राख्नुपर्ने देखिन्छ ।

अन्जर्वतीसमेत (सन् २०२३) ले गरेको अध्ययनमा विद्यालयहरूमा अध्यापन गर्ने शिक्षकहरूमा नवप्रवर्तनात्मक शिक्षण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिनुपर्नेमा परम्परागत उपकरणहरू चकबोर्ड, क्यालकुलेटर र पाठ्यपुस्तकहरूको मात्र प्रयोग गरेको देखिन्छ । सामुदायिक विद्यालयका शिक्षकहरू शैक्षिक सामग्रीहरूको नवप्रवर्तनलाई खासै चासो गरेको देखिँदैन । यसैले शैक्षिक सामग्रीहरूको नवप्रवर्तन गर्ने शिक्षकलाई प्रोत्साहन गर्ने कार्यक्रम स्थानीय सरकारको सहकार्यमा विद्यालयहरूले लागु गर्नुपर्ने हुन्छ । पाठ्यक्रममा समावेश सबै विषयवस्तुहरू प्रविधि एवम् शैक्षिक सामग्री मैत्री छैनन् । यसर्थ आधारभूत विद्यालयहरूको पाठ्यक्रमलाई प्रविधि एवम् शैक्षिक सामग्रीमैत्री बनाउन समय सापेक्ष पाठ्यक्रमको विकास गर्नुपर्ने देखिन्छ । यसका लागि पाठ्यक्रम विकास केन्द्रलाई अझ जिम्मेवार बनाउँदै सक्रियतामा वृद्धि गर्नुपर्दछ ।

## निष्कर्ष

शिक्षणसिकाइ क्रियाकलापमा सहयोग गर्ने सामग्रीले कक्षा क्रियाकलाप विद्यार्थी मैत्री बनाउँदै शैक्षिक उपलब्धिलाई समेत राम्रो बनाउने सर्वव्यापी मान्यता छ । सामुदायिक आधारभूत विद्यालयमा शिक्षण गर्ने शिक्षकहरू न्यूनतमभन्दा माथिल्ला शैक्षिक योग्यता हासिल गर्नाका साथै तालिम समेत प्राप्त गरेका छन् । अधिकांश शिक्षकहरूमा शैक्षिक सामग्रीप्रति नकारात्मक बुझाइ पाइन्छ । शिक्षणमा सामग्रीको प्रयोगले समय खेर फाल्नुका साथै यसको प्रयोगबिना पनि प्रभावकारी शिक्षण गर्न सकिने धारणा राख्नु शिक्षक एवम् प्रधानाध्यापकहरूमा नकारात्मक भावना हाबी भएको सङ्केत गर्ने हुँदा अनुगमन एवम् तालिमलाई कार्यशालाका रूपबाट सञ्चालन गरेर उनीहरूको धारणामा सकारात्मकता ल्याउनु आवश्यक देखिन्छ । सामुदायिक विद्यालयहरूमा शिक्षकको व्यावसायिक विकास, शिक्षण सामग्रीको सहज पहुँच, भण्डारणका लागि भौतिक संरचना एवम् बजेटको सुविधा,

शिक्षकको कार्यबोझ, शिक्षकमा नवप्रवर्तन सोचको अभावका साथै पठ्यक्रम समयसापेक्ष बनाउन सक्दा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगका माध्यमबाट उपलब्धि राम्रो बनाउन सकिने देखिन्छ ।

अन्तमा, यो अध्ययन इलाम जिल्लास्थित सामुदायिक विद्यालयका सीमित क्षेत्रको नमुनाबाट सूचना सङ्कलन गरी सम्पन्न गरिएको हो । यस अध्ययनका नतिजाहरू विस्तृत क्षेत्रबाट नमुना लिएर अध्ययन गर्दा बढी विश्वासनीय हुने र भिन्न निष्कर्षसमेत आउन सक्ने भएकाले व्यापक सन्दर्भमा सामान्यीकरण गर्नु उचित हुने छैन । अतः क्षेत्र, नमुना, सङ्ख्या, साधन लगायतका विधिगत विस्तृतीकरणलाई यस अध्ययनको भावी दिशाको रूपमा सङ्केत गर्न सकिन्छ ।

## सन्दर्भसामग्री


कोइराला, विद्यानाथ (२०६५), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौँ : थर्डआइ पब्लिकेसन ।

नेपाल सरकार, शिक्षा मन्त्रालय (२०७३). *विद्यालय क्षेत्र विकास योजना (वि. स. २०७३ र ०७४-०७९ र ०८०),* काठमाडौ : लेखक ।

फुएल, बद्रिप्रसाद (२०७५), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : ओएसिस पब्लिकेसन ।

शिक्षा विकास तथा समन्वय इकाइ ( २०७८), *शैक्षिक तथ्याङ्क (२०७८-०७९),* इलाम : लेखक ।

श्रेष्ठ, चन्द्रबहादुर र उप्रेती, नन्दप्रसाद (२०७७), *खुला विद्यालयका लागि लक्षित स्वाध्ययन सामग्री शिक्षा कक्षा १०,* भक्तपुर : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

Abdelraheem, A. Y. & Al-Rabani, A. H. (2005). Utilization and benefits of instructional media in teaching social studies courses. *Malaysian Online Journal of Instruction Technology,* 2(1), 1-4.

Adhikari, S. (2009). Attitudes of secondary level mathematics teachers towards instructional materials and their classroom behavior. *Sotang, 2*(1), 42–50.

Anjarwati, S. Darmayanti, R. & Khoirudin M. (2023).Development of *Material Gaya* teaching materials based on creative science vdeos (CSV) for class VIII junior high school students. *Jurnal Edukasi Matematika dan Sains, 11*(1), 163-172.

Ausband, L. B. (2006). Instructional technology specialists and curriculum work. *Journal of research on technology in education, 39*(1), 1-21. https://doi.org/10.1080/15391523.2006.10782470

Behm, S. L., & Lloyd, G. M. (2009). Factors influencing student teachers' use of mathematics curriculum materials. In J. T. Remillard, B. A. Herbel-Eisenmann, & G. M. Lloyd (Eds.), *Mathematics teachers at work: Connecting curriculum materials and classroom instruction.* Routledge.

Cabun, T. C. (1961). The relatives effectiveness of three levels of pictorial presentation of biological subject matter on the associative learning of nomenclature by sixth grade students (Unpublished doctoral dissertation). Indian University.

Dike, H. I. (1989). Strategies for producing instructional materials. Joewam Publishers.

Dhital, H. (2018). Opportunities and challenges to use ICT in government school education of Nepal. *International Journal of Innovative Research in Computer and Communication Engineering, 6*(4), 3215-3220.

Eshiet, I. T. (1996). Improvisation in science teaching. Belpot (Nig) Co.

Esu. AEO. & Inyang–Abia.(2004). Social technologies, methods & media. Double Diamond Publication.

Ertmer, P. A., Leftwich, A. T. O, Sadik, O., Sendurur, E., & Sendurur P. (2012). Teacher beliefs and technology integration practices: A critical relationship. Computers & Education, *59*(2), 423-435. https://doi.org/10.1016/j.compedu.2012.02.001

Gage, N. L. (1978). The scientific basis of the art of teaching : Teachers College Press.

Government of Nepal Ministry of Education (2016). School Sector Development Plan (2016 - 2023), Kathmandu: Aurther.

Ibe-Bassey, G. S. (2012). Educational technology: The teaching learning process and the falling standard of education in Nigeria. 35th Inaugural lecture series of the University of Uyo. Abaam Publishing.

Lusin, J. Y. ( 2013). The Role of Manipulatives in Enhancing Pupils' Understanding on Fraction Concepts. *International Journal for Infonomics* (IJI), 6(3/4), 750-750. https://doi.org/10.20533/iji.1742.4712.2013.0087

Moronkola, B. (1999). Effect of instructional resources on the academic achievement of secondary school in ilorin local government of kwara state (Unpublished Master Thesis). Kwaea state college of education.

Piaget, J. (1971). The psychology of intelligence. Boston. Routledge and Kegan.

Thorndike, E. L. (1906). *The principles of teaching based on psychology.* A. G. Seiler.

Udosen, I. N. (2011). Instructional media: An assessment of the availability and frequency of use by social studies teachers in Akwa Ibom State. *Journal of Educational Media & Technology (JEMT) 15*(2), 141 – 160.

UNESCO, (2004). *Adapting technology for school Improvement: A global perspective, international institute for educational planning.*